मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : १२९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ चैत १४ गते शनिबार (Saturday, 28 March. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–

## लागूऔषधसहित भारतीय नागरिक भद्रपुरबाट पक्राउ

**झापा, चैत १३ ।** झापाको भद्रपुर नगरपालिका-६ गिरीचोकबाट प्रहरीले लागूऔषधसहित एक भारतीय नागरिकलाई नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय झापाका अनुसार भारत ठाकुरगञ्ज बस्ने अन्दाजी ३७ वर्षीय बेचन यादव भद्रपुर-६ निवासी शोभित यादवको घरमा डेरा गरी बस्दै आएका थिए । गोप्य सूचनाको आधारमा वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले उनलाई नियन्त्रणमा लिएको हो ।

प्रहरीले उनको डेरा कोठामा खानतलासी गर्दा घरको

*(बाँकी अन्तिम पृष्ठमा)*

# बालेन्द्र शाह बने ४३ औं प्रधानमन्त्री

**झापा, चैत १३ ।** नेपालको राजनीतिक परिदृश्यमा नयाँ अध्याय शुरु भएको छ । बालेन्द्र शाह देशका ४३ औं प्रधानमन्त्री नियुक्त भएसँगै राजनीतिक परिदृष्यमा नयाँ अध्ययाय शुरु भएको हो ।

राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष नवनियुक्त प्रधानमन्त्री शाहले शुक्रवार पद तथा गोपनीयताको शपथ लिएका छन् । राष्ट्रपति पौडेलले राष्ट्रपतिको कार्यालयमा विशेष समारोहमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का संसदीय दलका नेता शाहलाई शपथ गराएका थिए । राष्ट्रपति पौडेलले शाहलाई नेपालको संविधानको धारा, ७६ को उपधारा (१) बमोजिम प्रधानमन्त्री पदमा नियुक्त गरेका हुन् ।

समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री सुशीला कार्की, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, निवर्तमानप्रधानमन्त्री सुशीला कार्की र पूर्व प्रधानमन्त्रीहरु उपस्थित थिए । समारोहमा संवैधानिक निकायका प्रमुख, सरकारका विशिष्ट श्रेणीका अधिकृत, सुरक्षा निकायका प्रमुख, विभिन्न कूटनीतिक नियोगका पदाधिकारीलगायत उपस्थित थिए ।

प्रधानमन्त्रीको शपथ पहिलोपटक वैदिक-सनातन परम्परा झल्किने गरी गरिएको थियो । समारोहमा सातवटा शङ्खबाट शङ्खनादसँगै १०८ जना वटुकले स्वस्ति-शान्ति वाचन र १०८ बौद्ध भिक्षु लामाले शुभ-मङ्गल पाठ गरेका थिए ।

रास्वपा वरिष्ठ नेता शाहलाई बिहीबार सो पार्टीले संसदीय दलका नेतामा सर्वसम्मत चयन गरेको थियो । ३६ वर्षीय शाह गत फागुन (२१) को प्रतिनिधिसभा निर्वाचनमा झापा-५ बाट निर्वाचित भएका थिए । पूर्वप्रधानमन्त्री तथा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई उनले करिब ५० हजार मतान्तरले पराजित गरेका थिए । बालेनले ६८ हजार ३ सय ४८ मत ल्याउँदा ओलीले १८ हजार ७३४ मत मात्रै पाए ।

उनी काठमाडौं महानगरपालिकाको मेयर पदबाट राजीनामा दिएर प्रतिनिधिसभा निर्वाचनमा होमिएका थिए । २०७९ वैशाख ३० गते भएको स्थानीय निर्वाचनमा उनी स्वतन्त्र उमेदवार थिए र, भारी मतले निर्वाचित भएका थिए । शाहले ६१ हजार ७६७ मत ल्याएर निर्वाचित हुँदा कांग्रेसका उम्मेदवार सिर्जना श्रेष्ठले ३८ हजार ३ सय ४१ मत मात्रै पाएकी थिइन् । शाहले गएको माघ ४ गते मेयर पदबाट राजीनामा दिएका थिए ।



छोटो अवधिमै छलाङ मार्दै उनी प्रधानमन्त्री पदमा पुग्ने पहिलो व्यक्ति भएका छन् । ०८२ भदौको जेन-जी आन्दोलनपछि शाहलाई प्रधानमन्त्री बन्न जेन-जी अगुवाले प्रस्ताव गरेका थिए । तर शाहले अस्वीकार गरे र, रास्वपाबाट चुनाव लडे ।

रास्वपा उनलाई प्रधानमन्त्रीको उमेदवार घोषणा गरेर चुनावमा होमिएको थियो । चुनावबाट रास्वपा दुई तिहाइ नजिक पुग्यो । १८२ सिट जितेको रास्वपाबाट बालेन प्रधानमन्त्री बनेका हुन् । बालेन ०४७ वैशाख १४ गते काठमाडौंको नरदेवीमा जन्मिएका हुन् । उनी आयुर्वेदिक चिकित्सक स्व. रामनारायण शाह र आमा धुव्रदेवी शाहका सुपुत्र हुन् ।

बालेन स्टक्चरल (सिभिल) इन्जिनियर, संरचनात्मक अनुसन्धानकर्ता, लेखक, कलाकार पनि हुन् । उनी चर्चित र्‍यापर हुन् । उनले दुई दर्जनभन्दा बढी र्‍याप कम्पोज गरेका छन् । उनका र्‍याप भ्रष्टाचारको विरोध तथा सुशासनको अपेक्षा, युवा तथा सामाजिक मुद्दामा बढी केन्द्रित छन् । उनले पूर्वाधार विकास, सम्पदा संरक्षण तथा सार्वजनिक नेतृत्वमा विषयगत अनुभव हासिल गरेका छन् ।

महानगरको मेयर हुँदा उनले महानगरपालिकाका अवैध संरचना हटाउन, फुटपाथ तथा शहरी व्यवस्थापनमा महत्वपूर्ण काम गरे ।

पुल, सडक र भवन डिजाइन तथा निर्माणमा अनुभव आर्जन गरेका शाहले सम्पदा संरक्षण तथा संरचनागत संरक्षण, पर्यटनमार्फत आर्थिक विकास र परम्परागत नेवार वास्तुकलामा विशेष जोड दिए । उनले ०७२ को भूकम्पपछिको पुनर्निर्माण तथा राष्ट्रिय विकासमा सक्रिय योगदान दिएका थिए ।

**पीएचडी गर्दैछन् बालेन**

प्रधानमन्त्री शाह काठमाडौं विश्वविद्यालयबाट विद्यावारिधि (पीएचडी) गर्दैछन् । पर्यटन तथा अर्थतन्त्र प्रवर्द्धनका लागि काठमाडौंका नेवार संरचनाहरूको संरक्षण उनको शोधको विषय हो । उनले विश्वेश्वरैया प्राविधिक विश्वविद्यालय भारतबाट एम.टेक (संरचनात्मक इञ्जिनियरिङ) गरेका छन् । उनले नेपालको पूर्वाञ्चल विश्वविद्यालयबाट सिभिल इञ्जिनियरिङमा स्नातक गरेका छन् ।

**यस्तो छ १५ सदस्यीय मन्त्रिपरिषद्**

नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वमा शुक्रवार नै १५ सदस्यीय मन्त्रिपरिषद् गठन भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त प्रधानमन्त्री शाहको उपस्थितिमा राष्ट्रपतिको कार्यालयमा आयोजित विशेष समारोहमा नवनियुक्त मन्त्रीहरुलाई पद तथा गोपनीयताको शपथ गराएका थिए ।

सो अवसरमा डा. स्वर्णिम वाग्ले अर्थमन्त्री, सुधन गुरूङ गृहमन्त्री, शिशिर खनाल परराष्ट्रमन्त्री, सुनील लम्साल भौतिक पूर्वाधार तथा यातायात एवम् शहरी विकासमन्त्री, विराजभक्त श्रेष्ठ ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री, खड्गराज पौडेल संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री, सस्मित पोखरेल शिक्षा, विज्ञान तथा प्रविधि एवम् खेलकुदमन्त्री, निशा मेहता स्वास्थ्य तथा जनसङ्ख्या एवम् खानेपानीमन्त्री, डा. विक्रम तिमिल्सिना सञ्चार तथा सूचना प्रविधिमन्त्री, प्रतिभा रावल सामान्य प्रशासन तथा भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्री, सोविता गौतम कानून, न्याय तथा संसदीय मामिलामन्त्री, गीता चौधरी कृषि तथा पशुपक्षी एवम् वन तथा वातावरणमन्त्री, डा. दीपक साह श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री र सीता वादीले महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रीको शपथ लिएका छन् ।

यसैगरी, रक्षा र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको जिम्मेवारी भने हाल प्रधानमन्त्री शाहले आफैँ सम्हालेका छन् । राष्ट्रपति पौडेलले शुक्रवारै बिहान शाहलाई नेपालको संविधानको धारा ७६ को उपधारा (१) बमोजिम प्रधानमन्त्री पदमा नियुक्त गरेका थिए ।




**प्रतिवेदन कार्यान्वयन गर्न सरकारको निर्देशन**

सरकारले गत भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलन सम्बन्धमा गठित गौरीबहादुर कार्की नेतृत्वको आयोगको प्रतिवेदन कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने निर्णय गरेको छ ।

रास्वपा संसदीय दलका नेता बालेन्द्र शाह (बालेन) प्रधानमन्त्रीको पदभार सम्हालेपछि शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले आयोगको प्रतिवेदन कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन दिएको प्रवक्ता सस्मित पोखरेलले जानकारी दिए ।

**प्रम शाहलाई अमेरिकाको बधाई**

नवनियुक्त प्रधानमन्त्री वालेन्द्र शाहलाई संयुक्त राज्य अमेरिकाले बधाई दिएको छ । यहाँस्थित अमेरिकी दूतावासले सामाजिक सञ्जाल फेसबुकमार्फत प्रधानमन्त्री शाह र नयाँ सरकारलाई बधाई दिँदै अमेरिका आपसी समृद्धि तथा क्षेत्रीय स्थिरतालाई अघि बढाउन नेपालसँग सहकार्य गर्न उत्सुक रहेको उल्लेख गरेको छ ।

**भारतीय प्रधानमन्त्रीको बधाई**

प्रधानमन्त्री बालेन्द्र शाहलाई भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बधाई दिएका छन् । शुक्रवार शाहले नेपालको प्रधानमन्त्री पदको शपथ लिएलगत्तै भारतीय प्रधानमन्त्री मोदीले सामाजिक सञ्जालमार्फत प्रधानमन्त्री शाहलाई बधाई दिएका हुन् ।

सामाजिक सञ्जालमा भारतीय प्रधानमन्त्री मोदीले लेखेका छन् - नेपालका प्रधानमन्त्रीका रूपमा शपथ ग्रहण गर्नुभएकोमा बालेन्द्र शाहलाई हार्दिक बधाई दिन चाहन्छु । तपाईंको नियुक्ति नेपाली जनताले तपाईंको नेतृत्वमा राखेको विश्वासको प्रतिविम्ब हो । सो बधाई सन्देशमा समकक्षी मोदीले प्रधानमन्त्री शाहसँग मिलेर नेपाल-भारत सम्बन्धलाई अझै उचाइमा पुर्‍याउने काममा उत्सुक रहेको धारणा राखेका छन् । भारत-नेपालबीचको मित्रता र सहकार्यलाई दुवै देशको पारस्परिक हितका लागि थप उचाइमा पुर्‍याउन आफू इच्छुक रहेको प्रधानमन्त्री मोदीले बताए ।

## पहिलो पटक ३३ प्रतिशत महिला मन्त्री



**झापा, चैत १३ ।** राज्यले समावेशिताको नीति अंगालेको १८ वर्षपछि मन्त्रि-परिषदमा पहिलो पटक ३३ प्रतिशत महिला मन्त्री बनेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाह नेतृत्वको १५ सदस्यीय मन्त्रिपरिषदमा ५ महिला छन् ।

प्रधानमन्त्री शाहले सोबिता गौतमलाई कानून मन्त्री, सीता वादीलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री, प्रतिभा रावललाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री, गीता चौधरीलाई कृषि तथा पशुपन्छी विकास र वन तथा वातावरण मन्त्री र निशा मेहतालाई स्वास्थ्य तथा जनसंख्या मन्त्रीमा नियुक्त गरेका छन् ।

यो ३३ प्रतिशत महिला प्रतिनिधित्व हो । यसअघि मन्त्रिपरिषदमा सबभन्दा धेरै महिला प्रतिनिधित्व २०७९ सालमा भएको थियो । त्यतिखेर २३ जनाको मन्त्रिपरिषदमा ६ जना महिला थिए । एमाले र रास्वपाको समर्थन रहेको विस्तारित मन्त्रि-परिषद्रुमा रेखा शर्मा सञ्चार तथा सूचना प्रविधि मन्त्री, ज्वालाकुमारी साह कृषि तथा पशुपन्छी विकास मन्त्री, विमला पौड्याल राई परराष्ट्रमन्त्री र भगवती चौधरी महिला, बालबालिका तथा नागरिक उड्डयनमन्त्री बनेका थिए । त्यति बेलाको महिला प्रतिनिधित्व २६ प्रतिशत थियो ।

संख्यामा धेरै महिला भएको मन्त्रि-परिषद भने बाबुराम भट्टराईको थियो । २०६८ भदौमा बनेको भट्टराई नेतृत्वको मन्त्रिपरिषद २०६९ जेठमा हेरफेर भएको थियो । तर उनको मन्त्रिपरिषदमा मन्त्री र राज्यमन्त्री गरी १० महिला थिए । यो २४ प्रतिशत प्रतिनिधित्व हो ।

२०७४ सालमा शेरबहादुर देउवाले इतिहासकै जम्बो मन्त्रिपरिषद बनाए । त्यतिखेर ५३ मन्त्री हुँदा ८ जना महिला मन्त्री र राज्यमन्त्री भएका थिए । यो

*(बाँकी अन्तिम पृष्ठमा)*

## तीन जिल्लामा बर्डफ्लू, पन्छीजन्य वस्तु ओसारपसारमा रोक



**विराटनगर, चैत १३ ।** कोशी प्रदेशका ३ जिल्लामा बर्डफ्लु संक्रमण पुष्टि भएको छ ।

मोरङ, सुनसरी र झापामा बर्डफ्लू पुष्टि भएको हो । संक्रमण फैलिएको जिल्लाबाट पन्छी तथा पन्छीजन्य वस्तुहरूको ओसारपसारमा रोक लगाइएको छ ।

संक्रमण थप फैलिन नदिन पशु सेवा विभाग र सरोकारवाला निकायहरूको निर्णयअनुसार प्रभावित तथा जोखिमयुक्त जिल्लाबाट कुखुरा, अण्डा, मासु र सुली ओसारपसारमा पूर्ण प्रतिबन्ध लगाइएको मोरङका सहायक प्रमुख जिल्ला अधिकारी पवनराज कोइरालाले बताए । उनका

*(बाँकी अन्तिम पृष्ठमा)*

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

**बिर्तामोडको कर्मशियल भवन बिक्रीमा**



**झापाको बिर्तामोड-१ स्थित पश्चिम बस स्टेण्डमा होटल, हस्पिटल, कलेज, मार्ट, पार्टी प्यालेस लगायत सञ्चालन गर्नका लागि उपयुक्त १ कठ्ठा १० धुर जग्गामा बनेको तीन तले कर्मशियल भवन बिक्रीमा रहेको छ । इच्छुकले सिधा सम्पर्क गर्नुहोला ।**

सम्पर्क : ९७०७११९५५७ Whatsup: ९८५२६७२५९६

**पायल्स तथा फिस्टुलाको उपचार**

पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **२०८२ चैत १३ गते शुक्रबार र १४ गते शनिवार** काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

ॐ धनवन्तरी आयुर्वेद क्लिनिक
पूर्व-पश्चिम राजमार्ग अदुवा खोला छेउ, बिर्तामोड, झापा
(फोन नं. ०२३-५३०५३०, ९८५२६७३१७३, ९८०४९७१९९६)

**TOWER TEMPLE SCHOOL**
[+2 MANAGEMENT PROGRAMME]
(An English Medium School)
Birtamod – 5, Akkal Basti, Jhapa

**VACANCY**

We are looking for fresh energetic, qualified and dedicated candidates to join our academic team.

| Level | Post | Qualification |
|---|---|---|
| Secondary | Science | M.Sc./B.Sc [Physics] |
| Lower Secondary | Computer Science | B.C.A. |
| Primary | English | B.Ed./B.A. |
| Primary | Nepali | B.Ed./B.A. |
| Pre-Primary | Grade Teaching | +2 Minimum |
| A full time music teacher | | |

REQUIREMENTS
- Having teaching experienceof atleast more than 2years in related field
- Basic computer skills
- Strong command in English

*Submit your handwritten application along with CV at the school office between **10:00 AM – 12:00 Noon.**
*Deadline: **15th Chaitra, 2082**
* Only shortlisted candidates will be called for interview
* No phone calls will be entertained

Principal

# बालेन प्रधानमन्त्री हुँदा रवि हर्षित



**काठमाडौं, चैत १३।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले पार्टी संसदीय दलका नेता बालेन्द्र शाहलाई प्रधानमन्त्री बनाउन पाउँदा गर्व लागेको बताएका छन्। सभापति लामिछानेले सिंहदरबारमा सञ्चारकर्मीसँग कुरा गर्दै प्रधानमन्त्री बालेद्रले पाँच वर्ष मात्र नभई त्यो भन्दा लामो समय काम गर्ने बताए।

उनले प्रधानमन्त्रीमा कुनै आलोपालो नहुने समेत बताएका छन्। सभापति लामिछानेले भने,-जनतामाझ गरेको वाचा पूरा गरेका छौं, अब जनजीविकाका सवालमा काम गर्नुपर्ने दायित्व हामीसँग छ।'

# सुक्खा पहिरो खसेर मेची राजमार्ग अवरुद्ध

**ताप्लेजुङ,चैत १३।** ताप्लेजुङको फुङ्लिङ नगरपालिका-८ दोखूस्थित खोक्से खोला-ल्याङ्बा सडकखण्डमा सुक्खा पहिरो खसेर मेची राममार्ग अवरुद्ध भएको छ।

शुक्रबार मध्यान्ह १२:३० बजेतिर माथिबाट झरेको सुक्खा पहिरोले राजमार्ग पूर्णरुपमा अवरुद्ध बनेको हो।

ताप्लेजुङका सहायक प्रमुख जिल्ला अधिकारी यादव भट्टराईका अनुसार चट्टानसहित सुक्खा पहिरो झरेर मेची राजमार्गको काबेली-मेवाखा-ल्याङ्बा-फुङ्लिङ खण्ड अवरुद्ध बनेको छ। राजमार्ग अवरुद्ध हुँदा ताप्लेजुङबाट बाहिरिने र भित्रिने यातायातका साधन रोकिएका सहायक प्रजिअ भट्टराईले जानकारी दिए।

उनका अनुसार सुक्खा पहिरो खसेर राजमार्ग अवरुद्ध भएको खबर हुनासाथ तत्काल तमोर कोरिडोर (सुभाङ खोला-दोभान-ओलाङ्चुङगोला)सडक योजनाबाट जेसिभी मेसिन पठाइए पनि पहिरो पन्साउनलाई सम्भव भएको छैन। पहिरो पन्साउनलाई सडक डिभिजन इलामको थप मेसिन झिकाइएको र मेसिन आइपुगेपछि पहिरो हटाउने काम हुने उनले बताए।

यता पहिरोले अवरुद्ध बनाएको राजमार्ग क्षेत्रको स्थलगत निरीक्षण तथा अवलोकनका लागि जिल्लास्थित सुरक्षा संयन्त्रसहितको टोली गएको सहायक प्रजिअ भट्टराईले जानकारी दिए।

राजमार्ग अवरुद्ध भएपछि जिल्लाबाट बाहिरिने केही र भित्रिने सयौं यातायातका साधन पहिरो खसेको क्षेत्रमा रोकिएका स्थानीय व्यवसायी भीषण लिम्बूले जानकारी दिए।

## लागू ...

कम्पाउण्डभित्र इँटाको चाङमा लुकाइ राखिएको अवस्थामा ब्राउन सुगरजस्तो देखिने लिसाइलो पदार्थ फेला पारेको जनाएको छ। बरामद गरिएको उक्त पदार्थ प्लास्टिकसहित २१ ग्राम ८९० मिलिग्राम र प्लास्टिक बाहेक २० ग्राम ६९० मिलिग्राम रहेको प्रहरीले जनाएको छ।पक्राउ परेका यादवलाई आवश्यक अनुसन्धान तथा कानूनी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय झापामा पठाइएको छ।

## तीन ...

अनुसार विभिन्न फार्महरुमा बर्डफ्लू संक्रमण पुष्टि भएपछि नियन्त्रण तीव्र बनाएर सीमाना जोडिएका जिल्लामा पन्छीजन्य वस्तु ओसारपसार गर्न दुई सातासम्मलाई पूर्णरूपमा रोक लगाइएको छ।

प्रतिबन्धसँगै संक्रमण फैलिएका मोरङ, झापा र सुनसरीबाट ती जिल्लासँग सीमाना जोडिएका धनकुटा, पाँचथर, इलाम, उदयपुर र सप्तरीमा पन्छीजन्य वस्तु ओसारपसार र बिक्री वितरण गर्न पाइने छैन। प्रयोगशाला परीक्षणबाट संक्रमण पुष्टि भएसँगै बर्डफ्लू नियन्त्रणलाई प्राथमितामा राखेर उच्च सतर्कता अपनाइएको सहायक प्रजिअ कोइरालाको भनाइ छ।

उनका अनुसार संक्रमण पुष्टि भएको फार्म वरपर २० मिटरको परिधिलाई संकटग्रस्त क्षेत्र घोषणा गरी आवतजावत नियन्त्रण गरिएको छ। संक्रमण जोखिम क्षेत्र विस्तार हुँदै गएपछि सरोकारवाला निकाय सक्रिय भएका हुन्। शुरुमा मोरङ र त्यसपछि झापा तथा सुनसरीमा बर्डफ्लू पुष्टि भएको थियो।

गृह मन्त्रालयको विपद् अध्ययन जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखाबाट प्राप्त पत्र तथा पशु सेवा विभागमा बसेको सरोकारवालाको बैठकले संक्रमण फैलिन नदिन तत्कालका लागि कम्तीमा दुई हप्तासम्म ओसारपसारमा रोक लगाउने निर्णय गरेको सहायक प्रजिअ कोइरालाले बताए।

पशु सेवा विभागका अनुसार बर्डफ्लु नियन्त्रणको मुख्य उपाय नै संक्रमणको चक्र तोड्नु भएकाले पन्छीजन्य उत्पादनहरूको ढुवानीमा रोक लगाउनुपर्ने अवस्था आएको हो। ओसारपसारमा रोक लगाएपछि संक्रमण अन्य जिल्लामा फैलिन नपाउने बताइएको छ।

सरोकारवाला निकायहरूले किसान, व्यवसायी तथा उपभोक्तालाई उच्च सतर्कता अपनाउन आग्रह गरेका छन्। संक्रमित वा शंकास्पद पन्छी देखिए तत्काल सम्बन्धित निकायलाई जानकारी गराउन र कुखुरा फार्महरूमा जैविक सुरक्षा मापदण्ड कडाइका साथ पालना गर्न निर्देशन दिइएको छ।

यस्तै, स्थानीय तहहरूले जनचेतना अभिवृद्धि गर्ने, निगरानी बढाउने र संक्रमण नियन्त्रणमा आवश्यक समन्वय गर्ने कार्यलाई प्राथमिकतामा राखेका छन्। कुखुरापालन व्यवसायमा संलग्न किसानहरूलाई अनावश्यक आवतजावत नगर्न र सावधानी अपनाउन विशेष अनुरोध गरिएको छ।

पूर्वी नेपालमा बर्डफ्लु संक्रमण फैलिँदै जाँदा कुखुरापालन व्यवसाय र पन्छीजन्य उद्योगमा प्रत्यक्ष असर परेको छ।

समयमै नियन्त्रण गर्न नसके आर्थिक क्षति र जनस्वास्थ्य दुवैमा गम्भीर असर पर्ने जोखिम रहेको भन्दै सम्बन्धित निकायहरूले सबैलाई जिम्मेवार भएर सहयोग गर्न आह्वान गरेका छन्।

हालसम्म मोरङ, सुनसरी र झापाका ११ स्थानमा बर्डफ्लू पुष्टि भइसकेको छ। भारतमा पनि संक्रमण फैलिँदै गएकाले सीमा नाकामा उच्च सतर्कता अपनाइएको स्थानीय प्रशासनहरुले जनाएका छन्।

## झापामा ...

जम्मा १५ प्रतिशत हो।

संघीय संसदमा हरेक दलबाट ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनैपर्ने बाध्यकारी व्यवस्था छ। मन्त्रिपरिषद भने समावेशी नीति अनुसार गठन हुने भने पनि अनिवार्य नगरिएका कारण ३३ प्रतिशत पुऱ्याउन पनि मुस्किल थियो। युवा प्रधानमन्त्री शाहले भने कम्तिमा ३३ प्रतिशत पुऱ्याएका छन्।

बालेन्द्र नेतृत्वको मन्त्रिपरिषदमा पुगेका ५ महिलाले खसआर्य, दलित, मधेसी र थारू समुदायको प्रतिनिधित्व गर्छन्। जनजातिबाट भने सुधन गुरूङले प्रतिनिधित्व गर्छन्।

# रैथानेबाली संरक्षणमा प्रतिबद्धता



**विराटनगर, चैत १३।** कोशीसहित विभिन्न प्रदेशमा रैथाने बाली संरक्षण गर्ने अभियानलाई नयाँ ढंगले अघि बढाउने प्रतिबद्धता कृषिकर्मीहरूले जनाएका छन्।

सामुदायिक बीऊ बैंकमार्फत स्थानीय बाली जोगाउने पहललाई अझ प्रभावकारी बनाउने दिशामा तीनदिने तालिमपछि यस्तो निष्कर्ष निकालिएको हो।

सुनसरीको दुहबीमा चैत १० देखि १२ गतेसम्म सञ्चालन भएको तालिमले कृषि जैविक विविधता संरक्षण र सामुदायिक बीऊ बैंक सुदृढीकरणलाई स्थानीय तहको प्राथमिकतामा राख्नुपर्ने सन्देश दिएको सहभागीहरूले बताएका छन्। कोशी, मधेश र बाग्मती प्रदेशका १७ स्थानीय तहका कृषि शाखा प्रमुख, प्राविधिक तथा कृषिकर्मीहरूको सहभागिता रहेको उक्त तालिम बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रले सामुदायिक बीऊ बैंक संघ नेपालसँगको समन्वयमा आयोजना गरेको थियो।

तालिममा कृषि जैविक विविधताको संरक्षण, सामुदायिक बीऊ बैंक स्थापना र सुदृढीकरण तथा रैथाने बाली प्रवर्धनका कार्यक्रमलाई प्रभावकारी बनाउने विषयमा सैद्धान्तिक र व्यवहारिक प्रशिक्षण दिइएको थियो। सहभागीहरूले ज्ञान आदानप्रदानसँगै नीतिगत सुधार, सिप विकास र समन्वयको आवश्यकता औंल्याएका छन्।

केन्द्रका माटो विज्ञ मदन मरासिनीले कृषि जैविक विविधता संरक्षण खाद्य सुरक्षा, पोषण र कृषक आत्मनिर्भरतासँग प्रत्यक्ष जोडिएको विषय भएको बताए। यस्तै, सामुदायिक बीऊ बैंक संघ नेपालका सल्लाहकार पीताम्बर श्रेष्ठले सामुदायिक बीऊ बैंकलाई बीऊ भण्डारण मात्र नभई स्थानीय ज्ञान, परम्परा र कृषक अधिकार संरक्षणको माध्यमका रूपमा व्याख्या गरे।

प्रदेशस्तरमा भइरहेका प्रयासबारे कृषि विकास निर्देशनालयका बागवानी विकास अधिकृत टोनी बर्देवाले जानकारी गराउँदै स्थानीय तहसँग सहकार्य आवश्यक रहेको बताए। दोस्रो दिन तालिमलाई अझ व्यवहारिक बनाउँदै कृषि शिक्षामा जैविक विविधता समावेश र अनुसन्धान-प्रविधि हस्तान्तरणका विषयमा प्रशिक्षण दिइएको बताइएको छ।

तेस्रो दिन सहभागीहरूले झापाको शिवसताक्षी नगरपालिका-७ चन्द्रडाँगी स्थित शिवगञ्ज सामुदायिक बीऊ बैंकको अवलोकन गरेका थिए।

उक्त बीऊ बैंकमा धानका १०७ स्थानीय जातसहित १३८ प्रकारका बीऊ संरक्षण गरिएको जानकारी दिइएको थियो। 'कालोनुनिया' धानको अनुसन्धान, पञ्जिकरण र प्रवर्द्धनले सहभागीहरूलाई विशेष प्रेरणा दिएको बताइएको छ।

तालिमपछि इलाम, धनकुटा, उदयपुर, सिन्धुपाल्चोक र रौतहटका कृषिकर्मीहरूले आफ्ना पालिकामा नयाँ सामुदायिक बीऊ बैंक स्थापना गर्ने प्रतिबद्धता जनाएका छन्। सहभागीहरूले यसअघि प्राविधिक मार्गदर्शन अभावमा कार्यक्रम प्रभावकारी हुन नसकेको स्वीकार गर्दै अब भने आवश्यक ज्ञान र सिप हासिल भएको बताएका छन्।

तालिमले रैथाने बाली संरक्षणलाई परम्परा जोगाउने कार्यभन्दा पनि भविष्यको खाद्य सुरक्षा सुनिश्चित गर्ने रणनीतिक पहलका रूपमा स्थापित गरेको सहभागीहरूको भनाइ छ। साथै, संघीय, प्रदेश र स्थानीय तहबीच समन्वय मजबुत बनाउँदै कृषि जैविक विविधता संरक्षण अभियानलाई थप गति दिएको निष्कर्ष निकालिएको छ।

# झापा गाउँपालिकाद्वारा छात्रवृत्ति वितरण



**झापा, चैत १३।** झापा गाउँपालिकाले प्राविधिक विषयमा उच्च शिक्षा अध्ययनरत ७४ जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरेको छ।

आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार प्रोत्साहनस्वरूप उक्त रकम प्रदान गरिएको गाउँपालिकाले जनाएको छ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जनार्दन निरौलाका अनुसार गाउँपालिकाभित्र स्थायी बसोबास गरी विभिन्न कलेज तथा विश्वविद्यालयमा प्राविधिक शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरूको आर्थिक भार कम गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो।

प्राप्त विवरणअनुसार सर्वाधिक छात्रवृत्ति चिकित्सा (मेडिकल) क्षेत्रमा अध्ययनरत् ३२ जना विद्यार्थीले पाएका छन्।

यस्तै सूचना प्रविधि (आईटी) तर्फ २२ जना, इञ्जिनियरिङतर्फ ७ जना, कृषि तथा वनतर्फ ७ जना र अन्य प्राविधिक विषय अध्ययनरत् ६ जना विद्यार्थी लाभान्वित भएका छन्।

गाउँपालिका प्रशासनले स्थानीय स्तरमै दक्ष जनशक्ति उत्पादन गर्ने र न्यून आय भएका परिवारका जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षामा पहुँच सुनिश्चित गर्ने लक्ष्यसहित कार्यक्रम अघि बढाइएको जनाएको छ।

कार्यवाहक अध्यक्ष अञ्जुदेवी थपलियाले प्राविधिक शिक्षा महँगो हुने भएकाले विद्यार्थी र अभिभावकलाई केही राहत पुगोस् भन्ने उद्देश्यले छात्रवृत्ति वितरण गरिएको बताइन्। उनले यस कार्यक्रमले भविष्यमा गाउँपालिकाको शैक्षिक विकास तथा प्राविधिक जनशक्ति उत्पादनमा टेवा पुग्ने विश्वास व्यक्त गरिन्।

शिक्षा शाखाका अनुसार प्रत्येक विद्यार्थीलाई १२ हजार रुपैयाँका दरले छात्रवृत्ति प्रदान गरिएको छ।

यसरी कूल ७४ जना विद्यार्थीलाई ८ लाख ८८ हजार रुपैयाँ वितरण गरिएको गाउँपालिकाले जनाएको छ।

# बाहिनीपति कप सम्पन्न

**भद्रपुर, चैत १३।** सशस्त्र प्रहरी बल नेपाल नं. १ बराह बाहिनी मुख्यालय सुनसरीद्वारा आयोजित 'बाहिनीपति कप २०८२' सम्पन्न भएको छ।

बाहिनी मुख्यालयका अनुसार सङ्गठनको पेशागत गतिविधि चक्र पीएसी अन्तर्गत चैत ८ गतेदेखि चैत १२ गतेसम्म सञ्चालन गरिएको उक्त प्रतियोगितामा बाहिनी मातहत रहेका गण तथा गुल्महरूबाट आठ वटा टिमको सहभागिता रहेको थियो।

प्रतियोगितामा फुटबल, भलिबल, कबड्डी, बास्केटबल, दौड, हाईजम्प, लङजम्प, ट्रिपलजम्प लगायत विभिन्न विधामा प्रतिस्पर्धा गराइएको थियो। विभिन्न दूरीका दौडसहित महिला तथा पुरुष खेलाडीहरूको उल्लेख्य सहभागिता रहेको थियो।

प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै विभिन्न गण तथा गुल्मका टोलीहरूले स्वर्ण, रजत र कांस्य पदक हात पारेका छन्। सशस्त्र प्रहरी नं. १ गण हेडक्वार्टर इलाम १३ स्वर्ण, १० कांस्य र ६ रजत गरी २९ पदकसहित प्रथम, नम्बर ३७ रिजर्भ गण सुनसरी ९ स्वर्ण, ६ कांस्य र ४ रजत गरी १९ पदकसहित द्वितीय र नम्बर ४ गण सुनसरी ४ स्वर्णसहित तृतीय भएका छन्।

खेलकुदमार्फत सङ्गठनभित्र व्यावसायिक क्षमता अभिवृद्धि, आपसी समन्वय तथा शारीरिक दक्षता विकास गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बाहिनीपति तथा डीआइजी मनिष थापाले बताए।

कार्यक्रमको समापन तथा पुरस्कार वितरण समारोह बाहिनीपति सशस्त्र डीआइजी थापाको प्रमुख आतिथ्यमा भएको सशस्त्र प्रहरी निरीक्षक अशोक न्यौपानेले जानकारी दिए।

# विदेश पठाइदिन्छु भन्दै साढे ३५ लाख ठगी गर्ने एकजना पक्राउ

**काठमाडौं , चैत १३।** विदेश पठाउने भन्दै साढे ३५ लाख ठगी गर्ने एकजना पक्राउ परेका छन्। पक्राउ पर्नेमा इलाम नगरपालिका-१ घर भई हाल काठमाडौं महानगरपालिका-७ बस्ने २८ वर्षीय मनोज दाहाल छन्।

दाहालले आइसल्यान्ड पठाइदिने भनी एकजनाबाट साढे ३५ लाख रुपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने उजुरीका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-२६ बाट पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको छ।


## स्वास्थ्य अमूल्य सम्पत्ति हो, यसको रक्षा गरौं

- सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
- दैनिक शारीरिक व्यापार गरौं,
- स्वच्छ पानी र सरसफाईमा विशेष ध्यान दिऔं,
- खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
- नियमित रुपमा स्वास्थ्य सम्बन्धी परामर्श लिऔं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
- सुर्ती, मदिरा र लागूऔषधबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,

स्वस्थ नागरिक, समुन्नत राष्ट्र।

नेपाल सरकार
विज्ञापन बोर्ड



## KGF संस्थाको अनुरोध

**किङ्ग गोरखा फाउण्डेशन** (KGF) संस्थाले २०८२ साल पुस २१ गतेबाट मानव कल्याणका लागि गरीव, निमुखा, अशक्त, असहाय व्यक्तिहरुलाई लक्षित गरी दैनिक निरन्तर रुपमा एक छाक खाना दाल, भात, तरकारी, अचार निःशुल्क खुवाउँदै आइरहेको यहाँहरुलाई जानकारी गराउन चाहन्छौं।


अतः यस कार्यलाई निरन्तर अगाडि बढाउन हाल हाम्रो एकल प्रयासले पूरा नहुने भएको हुँदा यस अभियानमा सहभागी भई सहयोग गरिदिनुहुन आम सहयोगी मनहरुलाई हामी अनुरोध गर्दछौं। हामी आम समाजसेवी र दयालु मनहरुलाई आफ्नो जन्मदिन, पाटीभोज र फजुल खर्चहरुलाई कटौती गरी हाम्रो साझा अभियानलाई निरन्तर अगाडि बढ्ने सोचलाई सफल पारिदिनुहुन अपिल गर्दछौं।

हाल हामी सिटी सेन्टर अगाडि प्रत्येक दिन खाना र अतिरिक्त शनिवारको दिन पाऊ पाथीभरा मन्दिर चारआली अगाडि र अतिथि सदन उत्तर शनि मन्दिर अगाडि खिर खुवाइरहेका छौं। यस अभियानलाई बुझ्न र सहयोग गर्नका लागि यस नम्बरको मोवाइलमा सम्पर्क गर्नहुनु अनुरोध गर्दछौं।

**सम्पर्कः ९८१४९९७८८७, ९७६२९०००01**



## वरिष्ठ मुटु रोग विशेषज्ञ



DR. RAJESH KUMAR PANJIYAR
MBBS, MD INTERNAL MEDICINE,
DM CARDIOLOGY FAPSC (JAPAN)
NMC NO.: 8021
SENIOR CLINICAL & INTERVENTIONAL CARDIOLOGIST

CATH LAB Training (सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं)

प्रत्येक महिनाको तेस्रो शनिबार विराटनगरबाट

**उपचार हुने रोगहरु**

- उच्च रक्तचाप(Blood Pressure),कोलेस्ट्रोल
- छाती दुख्ने, चक्कर आउने, थकान धेरै हुने
- राति सुत्दा वा हिड्दा साँस फेर्न गाह्रो हुने
- हात,खुट्टा सुन्निने, पसिना धेरै आउने, ढुकढुकी बढ्ने
- मुटुको कमजोरी (Heart Failure)
- हृदयघात (Heart Attack)
- पुरानो मुटु रोग सम्बन्धी समस्या
- ECG र मुटुको भिडियो एक्सरे (ECHO)सेवा
- मुटु सम्बन्धी अपरेसन गरेको तथा पेसमेकर राखेका बिरामीहरु का लागि नियमित परामर्श


**आर. आर. पोलिक्लिनिक**
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसँगै), बिर्तामोड-४,झापा
०२३-५९११७४, ९८२०४९११७४



## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ताद्वारा**
**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा



हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan

सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६



## कर्मचारी आवश्यकता

**बिज्ञापन नं ०१/२०८२/०८३**
**प्रथमपटक प्रकाशित मिति २०८२ /१२/१२**

सतलोक बहुउदेस्यीय सहकारी संस्था लिमिटेड, हल्दिबारी-२ झापाको पदपूर्ति समितिको २१ औं बैठकको निर्णय बमोजिम तपशिलमा उल्लेखित सेवा केन्द्रहरुको लागि निम्न अनुसारको बजार अधिकृत (Marketing Officer) कर्मचारीहरुको आवश्यकता परेको हुँदा इच्छुक नेपाली नागरिकहरुबाट आबेदनका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| क्र..सं | सेवा केन्द्र | पद | आवश्यकता संख्या |
|---|---|---|---|
| १. | बिर्तामोड सेवा केन्द्र | बजार अधिकृत | ३ जना |
| २. | हल्दिबारी सेवा केन्द्र | बजार अधिकृत | २ जना |
| ३. | धुलाबारी सेवा केन्द्र | बजार अधिकृत | ३ जना |
| ४. | सुरुङ्गा सेवा केन्द्र | बजार अधिकृत | २ जना |

१. न्यूनतम शैक्षिक योग्यता- एस.एल.सी/एस.ई.ई वा सो सरह।
२. उमेर- १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको।
३. तलबसुबिधा- रु. १७५००/-
अन्य सुबिधाहरु- सामाजिक सुरक्षाकोष, ग्रेड, बिमा, प्रोत्सहान भत्ता आदि।
**४. आवश्यक कागजातहरुः-**
क. हस्तालिखित निबेदन - १ प्रति
ख. नागरिकताको प्रमाण-पत्र प्रतिलिपि - १ प्रति
ग. शैक्षिक योग्यताको प्रतिलिपि- १ थान
घ. पासपोर्ट साइजको फोटो - २ प्रति
५. आबेदन शुल्कः-रु. ३००/-
फारम भर्ने अन्तिम मिति : २०८२ चैत ३० गते।
बिर्तामोड सम्पर्क नं ०२३-५९००८७, ९८०१४४९७४१ ,९८०१४५७६८०,
हल्दिबारी सम्पर्क नं. : ९८०२३१३८२२ । धुलाबारी सम्पर्क न : ९८०२३१३८२३
सुरुङ्गा सम्पर्क नं. : ९८०२३१३८२४
नोटः स्थानीय, अनुभवी तथा दुई पाङ्ग्रे सवारी साधन कुदाउन सक्ने व्यक्तिलाई बिशेष प्राथमिकता दिइनेछ।




श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

# झापाली फुटबल विकासको इतिहास 'झापा गोल्ड कप स्मारिका २०८२'मा



भुवन तामाङ




झापाको चिनारी देशविदेशसम्म विशिष्ठ किसिमको छ। झापामा धेरै प्रतिभाहरु जन्मेका र विकास भएका छन्। विद्वान, विदुषी, समाजसेवी, देश हाक्ने राजनीतिज्ञ, कलाकारदेखि उत्कृष्ट खेलाडीहरु पनि झापाले जन्माएको छ। फुटबल खेल जगतमा पनि झापाको नाम उच्च रहेको छ। झापाली फुटबल खेलाडीहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म उत्कृष्ट खेलाडीका रुपमा फुटबल खेलमा कला देखाइरहेका छन्। देशको फुटबल खेलको विकासमा झापाली फुटबल खेलाडीहरुको अहम् भूमिका रहेको छ।

झापा ११ फुटबल टिम र झापा गोल्डकप एक उदाहरणीय आयाम बनेको छ। दशकौंदेखि झापा गोल्डकप आयोजनाले नेपालको फुटबल खेलको स्तर उकास्न भूमिका खेल्दै आएको छ। यसै सन्दर्भमा झापामा फुटबल खेलको विगतदेखि हालसम्मका इतिहास संग्रह गर्दै झापा गोल्डकप संस्थाले झापा गोल्ड स्मारिका २०८२ प्रकाशन गरेको छ। जसमा झापाको फुटबल खेलका समग्र आयामहरु समेटिएका छन्। साथै, व्यवसायी स्व. विनोद बस्नेतले समाजसेवा र झापा गोल्डकपका लागि गरेका योगदानहरु पनि स्मारिकामा समेटिएका छन्।

**गोल्डकपलाई दिगो र बलियो बनाउन सबै एकै ठाउँमा उभिऔं :** शीर्षकको झापा गोल्डकपका संस्थापक अध्यक्ष जलकुमार गुरुङको लेखमा, झापामा फुटबल खेलको प्रारम्भ र विकासबारे उल्लेख गरिएका छन्। प्रारम्भमा झापामा फुटबलको विकास सुषुप्त अवस्थामा थियो। गाउँ, जिल्ला स्तरीय खेल हुँदै जिल्लामा ठूला-ठूला प्रतियोगिता भएका र २०४६ सालको परिवर्तनपछि भने गति लिएको हो। झापा ११ को गठन भएपछि झापामा फुटबल खेलमा निकै विकास भएको, झापा ११ ले एन्फा कप र राष्ट्रिय स्तरका उपाधीहरु जितेको, मुख्य रुपमा झापा गोल्डकपलाई व्यवस्थित तथा संस्थागत रुपमा सञ्चालन गर्नका लागि विभिन्न अभियानहरु सञ्चालन गरिएको लेखमा उल्लेख छ।

अभियानले समुदायप्रतिको भूमिका र योगदान झल्किएको छ। समन्वयकारी भूमिका निर्वाह गर्दै समग्र फुटबलको विकासका लागि समाजलाई डोहोऱ्याउनका लागि अब ढिलो गर्नुहुँदैन। झापालाई आधार मानेर गठन गरिएको झापा ११ लाई अझै बलियो बनाउन एकमत हुनुपर्ने मान्यता व्यक्त गर्दै सामाजिक अभियन्ताको रुपमा आफूलाई उभ्याउने साहसी र कर्मशील युवाको रुपमा विनोद बस्नेतलाई चिनाउनु पर्दछ भन्ने धारणा लेखमा व्यक्त गरिएको छ।

**झापा गोल्डकप सामाजिक अभियानको यात्रा :** झापा गोल्डकपका पूर्व अध्यक्ष महेन्द्रकुमार गिरीका शब्दहरुमा समाज विकास र झापा गोल्डकपबारे विचार व्यक्त भएका छन्। समाज विकासका लागि एकल प्रयत्नमात्र सम्भव हुँदैन, यसका लागि सामाजिक संघ-संस्थाहरु बीचको साझा प्रयत्न जरुरी हुन्छ। देश विकासका लागि गरिएका सामाजिक अभियानहरुले सकारात्मक प्रभाव पार्दै लगेको अनुभूति गर्न सकिन्छ। यसैक्रममा नेपालमै ख्याती कमाएको झापा गोल्डकपले आफ्नो क्रियाकलापलाई खेलकुदबाट सामाजिक अभियानको रुपमा अगाडि बढाएको इतिहास हाम्रासामु छ।

पूर्व अध्यक्ष गिरीको नेतृत्वमा झापा गोल्डकपलाई विधिवत् दर्ता, सदस्यता बिस्तार, संस्थाको दिगो विकासका लागि कोष खडा, खेलाडीहरुलाई पारिश्रमिकको व्यवस्था लगायतका काम सम्पन्न भएका छन्। झापामा फुटबल खेलको व्यावसायिक विकासका लागि एउटा एकाडेमी सञ्चालन गर्न आवश्यक रहेको विचार पनि लेखमा प्रकाशित भएका छन्। साथै समाजसेवी विनोद बस्नेतले अगाडि बढाएका अवधारणाहरुलाई अङ्गीकार गर्दै झापा गोल्डकपलाई अझै बलियो बनाउनु सबैको अभिभारा हो, लेखमा विचार व्यक्त भएका छन्।

**झापा गोल्डकपको गौरवमयी यात्रा :** नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको लेखमा नेपाली फुटबल इतिहासमा झापा गोल्डकपको विशेष स्थान रहेको, उत्कृष्ट ब्रान्ड बनेको यसले झापामा खेलकुद संस्कृतिको संस्थागत विकासमा सशक्त भूमिका निर्वाह गरेको उल्लेख गरिएका छन्। स्मारिकाले फुटबललाई समाजको धरोहरको रुपमा प्रस्तुत गर्नेछ, जसबाट हाम्रा नयाँ पिँढीलाई खेलप्रतिको कदर र सम्मान अझ प्रगाढ बनाउने अवसर प्राप्त हुनेछ। साथै लेखमा खेलप्रेमी स्व. विनोद बस्नेतको योगदानबारे सम्झना गर्दै, विनोद बस्नेतको नेतृत्वमा झापा गोल्डकपले फुटबल खेलको स्तरलाई मात्र उच्च बनाएन, स्थानीय खेलकुद प्रबर्द्धन र विकासमा पनि अतुलनीय योगदान पुऱ्याउन सफलता मिलेको हामीले महशुस गरेका छौं। उहाँ सञ्चारमैत्री हुनुहुन्थ्यो। झापाली सञ्चार क्षेत्र र झापा गोल्डकपबीच संस्थागत सहयोग आदानप्रदान गर्ने कार्यमा उहाँको महत्वपूर्ण सहयोग स्मरणीय छ, उल्लेख गरिएका छन्।

**नेपालमा फुटबल खेल :** लेखक तीर्थ सिग्देलको लेखमा नेपालकै र विशेषगरी झापाको फुटबल इतिहासबारे विस्तृतमा उल्लेख गरिएका छन्। भारतमा उच्च शिक्षाका लागि गएका नेपालीहरुले नेपालमा फुटबल खेल परिचय गराएका हुन्, नेपालमा फुटबल खेलका जन्मदाता नर शम्शेरलाई मानिन्छ। वि.सं. १९७० पछि ठमेलका नारायाण नरसिंह राणा र नक्सालका सूर्यजङ्ग थापा त्योबेला नेपाली फुटबलमा सुनिएका नाम हुन्। फुटबल खेल लोकप्रिय हुँदै आउँदा विभिन्न फुटबल क्लवको जन्म भए र सरकारले राष्ट्रिय स्तरका टुर्नामेन्ट आयोजन गर्न थालेको थियो।

फुटबल खेलमा झापाको दर्बिलो इतिहास छ। धेरै पहिलेदेखि नै शनिश्चरे, सैनिक, धुलाबारी, चन्द्रगढी, भद्रपुर लगायत ठाउँहरु फुटबल खेलका लागि प्रख्यात थिए। डाइनामाईट, नव युवा, रोलिङ्ग, मूनाल, सैनिक युथ जस्ता फुटबल क्लवहरुले झापालाई चिनाए। विगतमा झापामा त्रिभुवन, शहीद, शिवसताक्षी, काँकरभिट्टा, बिर्तामोड, दमक, सहारा सुरुङ्गा र रोलिङ्ग च्यालेन्ज गोल्डकपहरु सञ्चालन हुन्थे। तसर्थ : झापाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरु जन्माएको छ। झापामा चन्द्रगढी, डोमालाल बिर्तामोड लगायत ठाउँमा थुप्रै राम्रा फुटबल खेल मैदान छन्। त्यहाँ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिता हुने गरेका छन्। वि.सं. २०७२ बाट झापा गोल्ड कप शुरु भएको छ, जसको चर्चा अन्तर्राष्ट्रिय स्तरसम्म रहेको छ र झापा फुटबल हबको रुपमा चिनिएको छ। यसका लागि थुप्रै फुटबल खेलाडी, खेलप्रेमी अभियन्ता, समासेवी, दाताहरु र खासगरी युवा जगतको अहम् भूमिका रहेको तथ्य यस लेखबाट ज्ञान हुन्छ। लेखमा झापाली फुटबल अभियन्ता, पुराना र नयाँ फुटबल खेलाडीहरुका नामहरु पनि उल्लेख गरिनाले झापाली फुटबलको समग्र इतिहास जान्न सकिन्छ।

**राष्ट्रिय टिममा झापाली खेलाडी :** झापा टुडेका सम्पादक हिमाल खरेलको लेखमा नेपालमा राष्ट्रिय टिममा थुप्रै झापाली खेलाडीहरु समावेश भएका उल्लेख छन्। नेपाली फुटबलको इतिहासमा झापाको दबदबा सधैँ रहँदै आएको, काठमाडौंको सानो घेराभित्र सीमित रहेको नेपाली फुटबलमा झापाको वर्चश्व कायम राख्न ३० जनाभन्दा बढी झापाली खेलाडीले राष्ट्रिय टिम मार्फत योगदान दिइसकेका छन्। शीर्ष डिभिजनमा त पछिल्लो दशकयता झापाकै बाहुल्यता छ। राष्ट्रिय टिमको सदस्यबाहेक ५० जनाको हाराहारीमा झापाली खेलाडीहरुले शीर्ष डिभिजन, बि र सि डिभिजन क्लवबाट फुटबल खेलिसकेका छन्। त्यति नै संख्यामा अहिले पनि झापाका खेलाडीहरु क्लव र नेपाल सुपरलिग खेल्दै आएका छन्। एन्फा कप च्याम्पियन भएपछि उदाएको झापा ११ फुटबल क्लबले पनि झापाको खेलाडी उत्पादन, प्रबर्द्धनमा भूमिका खेलेको तथ्य र झापाका पुराना र उदीयमान खेलाडीहरुका नाम पनि लेखमा उल्लेख गरिएका छन्।

**विनोद अनन्तको यात्रामा :** राष्ट्रिय सभा सदस्य गोपालकुमार बस्नेतको लेखमा, विनोद बस्नेतका असल गुण र उनले सम्पन्न गरेका सामाजिक कामहरुबारे उल्लेख गरिएका छन्। विनोद बस्नेत कसैको पनि साह्रो-गाह्रोमा सहयोग पुऱ्याउन उनलाई कसैले भन्नु पर्दैनथ्यो। उनी संलग्न भएका सार्वजनिक संस्थामा समाजसेवाका थुप्रै कार्यक्रमका खात लागेका हुन्थे। कहीँ भाइबन्धु मिसाएर त कहीँ साथीहरुसँग मिसिएर केही न केही सेवामुखी अनि व्यावसायिक काम बेगर कुनै विश्राम उनमा थिएन। बिर्तामोडलाई व्यवस्थित र सुन्दर शहर बनाउन, झापा र इलाममा समेत खेलकुद क्षेत्र अब्बल बनाउनदेखि देशमा आइपरेका विपद्मा स्रोत जुटाएर सहयोग गर्ने, जेसीज मार्फत विविध सेवामा योगदान पुऱ्याएका थिए। मिलनसार र सहयोगी थिए, उनका मित्रहरु देशभर थिए।

लेखमा विनोद बस्नेतको स्मृतिमा निकै मार्मिक शब्दहरु कोरिएका छन्- 'अनन्तको यात्रा जुन दिनसम्म नआओस् भन्ने चाहना भएर पनि के भो र सयौं, हजारौं इष्टमित्र तिमीसँगै रहने, बोल्ने चाहना हुँदाहुँदै पनि तिमीले छक्याएको कसैलाई मन परेको छैन। कुनै सच्याउने ठाउँ नै दिएनौ नि तिमीले। कसैको मनले बिर्सिन सकेको छैन। बिचरा अवला नानीहरु सम्झने हो कि बिर्सिने ? एउटा नयाँ रोग बिना ओखतीको रोग अब सम्झने हो कि बिर्सिने ? दुबै गाह्रो भो तिमीसँग वियोगका दिनहरु। केही काम त सकेर नै गयौ। भाइबन्धु परिवारलाई एउटा इलम दिएर गयौ। आफन्तहरुलाई शानदार जीवन जिउने कला दिएर गयौ। साथीभाइलाई मैत्रीभाव कायम राख्दै फराकिलो मन बाँडेर गयौ। घुम्दैफिर्दै जता गए पनि जति भए पनि सीप र जाँगर मिसिएको तिम्रो लगावले उन्नतिको वेग आधाबाटोमै रोकिन पुग्दा सबै शुभेच्छुक चिन्तित हुन पुगेका छन्। तिमी जता नजानु थियो त्यतै गयौ तर किन त्यता तिम्रो पाइला रोकिएन ? हामी दुःखी छौँ।'

**स्वर्गीय विनोद बस्नेतप्रति श्रद्धाञ्जली :** झापा गोल्ड कप आयोजक समिति अध्यक्ष केदार गिरीको लेख अनुसार विनोद बस्नेत प्रतिष्ठित फुटबल प्रतियोगिता झापा गोल्ड कपको प्रारम्भिक चरणदेखि नै संलग्न रहेका, प्रतियोगिताका एक असल संस्थापकका साथै व्यावसायिक र सामाजिक जीवनमा सधैँ अग्रणी भूमिका निर्वाह गर्दै, युवापुस्तामाझ प्रेरणादायी व्यक्तित्वको पहिचान बनाएका, खेलप्रेमी, उनका दूरदृष्टि र अथक समर्पण सधैँ अनुकरणीय रहेका छन्। व्यक्तित्व र नेतृत्व विकासको पाठशाला जेसीज अभियानबाट दीक्षित विनोद बस्नेत त्यही नेतृत्व क्षमता र संगठनात्मक दक्षता खेल क्षेत्रमा पनि सफलतापूर्वक निर्वाह गरेका, झापा गोल्डकपलाई राष्ट्रियस्तरको गौरवपूर्ण प्रतिष्ठामा पुऱ्याएका, विशेषतः पाँचौं र छैठौं संस्करणमा अध्यक्षका रुपमा विनोद बस्नेतको योगदान ऐतिहासिक रहेको, उनकै पहलमा डोमालाल राजवंशीको प्रतिमा निर्माण भएको साथै थुप्रै योगदान लेखमा उल्लेख गरिएका छन्।

**स्मृतिमा विनोद बस्नेत :** गजेन्द्रबहादुर पौडेल, झापा गोल्डकप वरिष्ठ उपाध्यक्षको लेखमा गोल्डकपका सहयोगी सदस्यहरु ज्ञानु प्रसाई, पर्शुराम सिटौला, दिपेन्द्र पोखरेल, धनबहादुर गुरुङ, गुरुभक्त न्यौपाने र विनोद बस्नेत जस्ता व्यक्तित्वहरुलाई गुमाउनुपर्दा हामी दुःखी छौँ, उल्लेख गरिएको छ। लेख अनुसार, झापा गोल्डकपका पूर्व अध्यक्ष विनोद बस्नेत केवल खेल क्षेत्रका नेतृत्वकर्ता मात्र होइन, एक दूरदर्शी, परोपकारी र समग्र समाजको नेतृत्वकर्ता थिए। झापा गोल्डकपलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउनुका साथै व्यबस्थित र गौरवपूर्ण बनाउन, नयाँ उचाईमा पुऱ्याउन योगदान अविस्मरणीय रहेको छ। विनोद बस्नेत शालिन, मिलनसार र प्रेरणादायी, कुनै पनि कामलाई उत्कृष्ट बनाउने गुणका व्यक्तित्व रहेका थिए। धेरैका लागि भरोसाका केन्द्र थिए, जसको बचनमा विश्वास गर्न सकिन्थ्यो। विनोद बस्नेत एक प्रेरणा र एक अनुकरणीय समाजसेवी थिए।


**फुटबल विकाससँगै खेल पर्यटन :** भेषराज भण्डारी प्रशान्त, झापा जिल्ला खेलकुद विकास समिति अध्यक्षको लेखमा झापा गोल्डकप झापा जिल्लाको खेलकुदको गौरव र पहिचान रहेको तथ्य व्यक्त भएको छ। वि.सं. २०७२ देखि बिर्तामोडस्थित डोमालाल राजबंशी रङ्गशालाबाट शुरु भएको यो प्रतियोगिताले छोटो समयमै मोफसलकै सर्वाधिक लोकप्रिय फुटबल प्रतियोगिताको छवि बनाएको छ। झापा गोल्डकपको आफ्नो स्थापनाकालदेखि नै झापालाई फुटबलको हब बनाउने उद्देश्यका साथ काम गर्दै आएको छ। यसले मोफसलमा फुटबलको व्यावसायिक विकास र स्थानीय खेलाडीहरुलाई राष्ट्रिय स्तरसम्म पुर्याउन नेतृत्वदायी भूमिका खेलिरहेको लेखमा उल्लेख गरिएका छन्।

**दाजु विनोद हाम्रो आदर्श र समाजका नायक :** शिर्षकमा विपीन बस्नेत, झापा गोल्डकप आयोजक समिति सदस्यको लेखमा स्व. विनोद बस्नेत समाजसेवाका एक नायक थिए। विनोद बस्नेतका लागि समाजसेवा मात्र कागजको काम थिएन, जीवन थियो। सधैँ अरुका भलाइ सोच्दथे। उनको मनमा सधैँ एउटा मिसन थियो, समाजको सुधार र परिवर्तन। त्यसमा पनि युवाको नेतृत्व। उनको दृष्टिकोण र सोचाइले सबैलाई सधैँ एउटा नयाँ दिशा दिन्थ्यो। समाजका विभिन्न पक्षमा उनको योगदान अनमोल रह्यो। उनको नेतृत्वमा संस्थाहरुले अनगिन्ती सफलता प्राप्त गरे। वीरता जेसीज, रोटरी क्लवको नेतृत्व र झापा गोल्ड कपको आयोजना सबै उत्कृष्ट थिए।

हामीले दाजु गुमायौँ। अभिभावक गुमाऔँ। आत्महत्याले एउटा केवल जीवन होइन थुप्रै जीवनहरुलाई घाइते बनाउँछ। साहस बटुलेर आशाको दियो जगाउनु छ। त्यसैले आवश्यक छ हामी मानसिक स्वास्थ्यका विषयमा खुला सम्वाद गर्न सकौं, सहानुभूति र समझदारीका साथ एकअर्कालाई सुन्न सकौं। एउटा मुस्कान, एउटा न्यानो शब्द वा सानो साथले कसैको जीवन बचाउन सक्छ। जीवन कठिन हुनसक्छ, तर हरेक अँध्यारो रातपछि बिहान आउँछ। त्यसैले हरेक युवामा, परिवारका हरेक सदस्यहरुमा आशाको ज्योति जगाऔं ताकि कुनै परिवारले फेरि यस्तो भोग्न नपरोस्, लेखमा मार्मिक भाव व्यक्त भएका छन्।

**स्मारिका ऐतिहासिक संग्रह :** स्मारिकामा करिब छ सय ५० जना झापा गोल्डकपका सदस्यहरुका फोटोसहित नामावली, झापा गोल्डकप आयोजना हुने रंगशालाका जग्गा दाता स्व. डोमालाल राजबंशीको तस्वीर, गोल्ड कपका संरक्षक तथा कार्यसमिति, झापाका पुराना फुटबल टिम तथा खेलाडीहरु, प्रथमदेखि छैटौं झापा गोल्डकपका विवरण तथा तस्वीरहरु र सहयोगी संस्थाहरुका विवरण प्रकाशित भएका छन्। यस लेखमा स्मारिकाको सार मात्र उल्लेख गरिएका छन्। स्मारिकाबाट झापा गोल्डकपका साथै झापाली फुटबलको इतिहासबारे बृहत ज्ञान पाउन सकिन्छ। झापाली फुटबल जगतका लागि यस स्मारिका ऐतिहासिक संग्रहका रुपमा प्रकाशित भएको छ।

कविता



उत्तम विचार

## छोरी सुरक्षित रहुन्



के गर्व गर्नुछ र जन्म दिएर छोरा
छोरा भए कपुत यौन पिपासु मोरा
रक्षार्थ खट्न नसके जित हुन्न हार
छोरी सुरक्षित रहुन् छ यही पुकार ।

छन् गिद्धका हुल यहाँ अनिँदो बसेका
चल्लाहरु खबर छन् तिनले डसेका
यो हाल सुन्नु नपरोस् अब बारबार
छोरी सुरक्षित रहुन् म गरुँ पुकार ।

हाम्रो समाजछ कतातिर भासिँदै झन्
संस्कार मूल्य सब देख्दछु मासिँदै छन्
खोजौँ निदान जड शीघ्र बनोस् किनार
छोरी सुरक्षित रहुन् मनको पुकार ।

आमा अचेत घरमा अलपत्र छोरी
आनन्दको सयर गर्छ उता अघोरी
निभ्नेछ झ्याप बिजुली चुँडिनेछ तार
छोरी सुरक्षित रहुन् सबको पुकार ।

यस्तो कडा नियम होस् जति छन् पिपासु
हुन् झार्न बाध्य गहबाट बलिन्द्र आँशु
जम्मा भए पनि बुझौँ किन पाँच चार
छोरी सुरक्षित रहुन् जनको पुकार ।

हुन निर्मला र इनिशा कि त अंशु नामी
उर्लेर ज्यान किन लिन्छ सधैँ सुनामी
उमुक्त बाज नउडोस् नगरोस् सिकार
छोरी सुरक्षित रहुन् दिलको पुकार ।

सानन्दले घर फिरुन् अब ढुक्क साथ
छोरी निरीह नबनुन् कहिल्यै अनाथ
गोडेर फ्याँक्नुछ जरै सब यौन झार
छोरी सुरक्षित रहुन् सुनियोस् पुकार ।।



लघुकथा

- कृष्णमणि पराजुली

## गाउँको घडेरी र बेंसीको खेत

बिरानो मुलुकको बसाइँ। १२ वर्ष भइसकेछ। २० वर्षमा घर छोडेको उमेर पनि ३२ वर्ष पुगेछ। बिहे गरेको पनि बाह्रै वर्ष भएछ। भर्खर बिहे गरेको श्रीमतीलाई छाडेर मुगलान जानु पर्दा उसको मन ज्यादै खिन्न भएको थियो। श्रीमतीले गोडामा छाँद हालेर रोएको सन्तबहादुरले बिर्सेको छैन। घर छोड्नु उसको बाध्यता थियो। किनभने उसले पुरानो ऋण र बिहेको ऋणको साँवा ब्याज साहलाई बुझाउनु थियो। त्यही पनि एक वर्ष भित्रमा।

श्रीमतीलाई छोडेर विदेश जान सन्तबहादुरलाई पटक्कै मन थिएन। केही महिनाभित्रै पैसा कमाएर ऋण तिर्न सक्छु भन्ने आँटले ऊ विदेश पलायन भएको थियो। बर्मा गए पनि कर्म सँगै भने जस्तै उसले पैसा कमाउन सकेन। एक वर्षमा फर्किन्छु भनेको सन्तबहादुर १२ वर्षसम्म पनि फर्किन सकेन। उतै हरायो।

यता श्रीमती सन्तबहादुर घर नफर्किएकाले पीर गरिरहेकी हुन्छिन्। माया प्रिती जोडिन नपाउँदै विदेश गएको श्रीमानको अत्तोपत्तो नहुँदा पीरले दुब्लाउँदै गएकी छिन् लालमति। घरका सदस्य पनि लालमतिको अवस्था देखेर खिन्न भएका छन्।

उता सन्तबहादुर पनि दिनदिनै दुब्लाउँदै गएको छ। दुईचार पैसा कमाउँछ, हातमुख जोर्न नै पुग्दैन। साहुको ऋण त कसरी तिरोस् र बिचराले ! उपाय केही नभएपछि आफ्नै देश फर्किने निर्णय गर्छ सन्तबहादुर। अनि दुईचार जोर पुराना कपडा झोलामा राख्छ र आफ्नै देशतर्फ बढाउँछ पैताला।

राति घर आइपुग्छ। आँगनीमा सधैँको जस्तो गरेर धीप-धीप बत्ती बलिरहेको हुन्छ। उसलाई लाग्छ, बत्तिले अलिकति भए पनि प्रकाश दिइरहेछ। तर उसले त एक झिल्को उज्यालो पनि दिन नसकेको महशुस गर्छ। किनभने उसको साथमा एक रुपैयाँ पनि हुँदैन। कल्पना गर्छ, अब त साहुले गाउँको घडेरी र बेंसीको खेत पनि आफ्नो बनाइसके होलान् !






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
आज बोलिको भरमा विशेष काम बन्ने योग छ, बोलिमा विचार पुऱ्याउनुहोला, छोटो दुरीको यात्रा हुनसक्ने योग छ, धैर्य रहनुहोला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, फाइदाजनक काममा व्यस्त हुने योग छ, मन हर्षित रहला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)**
मनमा उमँग बढेर जानेछ, खुशीको खबरले नयाँ जोश-जागर आउनेछ, बेलुकीपख अधिक खर्च हुने समय छ, मावली पक्षबाट शुभ समाचारको योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने तथा भाग्यले साथ दिनेछ, पारिवारिक जमघटले थोरै खर्च हुन सक्छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
तपाईको आज मन शान्त रहने छ, पारिवारिक कारणले सानो तर फाइदाजनक काम बन्नेछ, व्यर्थको यात्रा तथा खर्च बढेर जानेछ योग रहेको छ, सतर्क रहनुहोला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)**
आजको दिन शुभ रहेको छ, व्यापार-व्यवसायमा लाभदायक योग रहेको छ, विशेष निमन्त्रणामा मिष्ठान्न भोजन हुने दिन छ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)**
समय अत्यन्तै बलवान छ, मान-सम्मान मिल्नेछ, फाइदाजनक शुखद् खबर सुनिने छ, व्यावसायमा नसोचेको फाइदाको नतिजा प्राप्त हुनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
बुद्धिको उपयोगले धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)**
धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)**
आजको दिन समयले साथ दिएको छ, नचिताएको ठाउँबाट अचानक धन आगमन हुँदा मन हर्षित हुनेछ, परिवारजन खुशी हुनेछन्।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नाले मन आनन्दित हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)**
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला।


मिति २०८२/१२/१३ शुक्रबारको
सुनचाँदी मूल्य
छापावाला
सुन प्रति तोला
रु. २८१,०००।-
चाँदी
प्रति तोला
रु. ४,६७०।-

# झापामा रगतको माग र आपूर्ति : चुनौती र समाधान

☐ नेत्रविक्रम बिमली

**झापा, चैत १३।** झापा जिल्लामा रगतको माग र प्रयोगमा उल्लेखनीय वृद्धि भएको छ, जसले सुरक्षित रगत व्यवस्थापनमा नयाँ चुनौतीहरू ल्याएको छ।

२०३८ सालको चैत १७ गतेदेखि निरन्तर सेवा प्रदान गर्दै आएको नेपाल रेडक्रस सोसाइटी झापा शाखाले यस कठिनाइलाई हटाउनका लागि निरन्तर प्रयास गरिरहेको छ। बढ्दो शहरीकरण र जटिल स्वास्थ्य समस्याहरूले गर्दा रगतको माग वृद्धि भइरहेको छ, तर यसका साथसाथै स्वयम्सेवी रक्तदाताको संख्या पनि थप्नु पर्ने आवश्यकताको साँचो चुनौती खडा भएको छ। यद्यपि, विभिन्न संघ-संस्था र निकायहरूको सक्रियतामा रक्तदान कार्यक्रमहरू भइरहेका छन्, तथापि कहिलेकाहीँ रगतको अभाव देखिन सक्छ।

**रगत संकलन र वितरणको अवस्था**

आर्थिक वर्ष २०८१/०८२ सम्मको रिपोर्ट अनुसार झापाका प्रमुख रक्तसञ्चार केन्द्रहरूबाट २० हजार सात सय ७३ युनिट रगत संकलन भएको थियो भने २१ हजार सात सय ५२ युनिट रगत वितरण गरिएको छ। यसरी संकलित रगतलाई अत्याधुनिक प्रविधिको माध्यमबाट 'कम्पोनेन्ट' (रगतका विभिन्न घटकहरू)मा विभाजन गरिन्छ, जसले गर्दा एक युनिट रगतबाट धेरै बिरामीलाई बचाउन सम्भव बनाएको छ।

**विस्तार र आधुनिकीकरणको पथमा**

झापाका छ वटा रक्तसञ्चार केन्द्रहरूले निरन्तररूपमा रक्तदान कार्यक्रम आयोजना गर्दै आएका छन्, जसले रगतको आपूर्ति व्यवस्थालाई मजबुत बनाउन योगदान पुऱ्याएको छ। सेवालाई अझ प्रभावकारी र विश्वसनीय बनाउन, आधुनिक उपकरणहरूको प्रयोगमा जोड दिइएको छ। यसै क्रममा भद्रपुरस्थित रक्तसञ्चार सेवा केन्द्रको स्तरवृद्धि र भौतिक पूर्वाधार सुधारका लागि नयाँ पहल शुरु भएको छ।

भौतिक पूर्वाधार र यातायात मन्त्रालय अन्तर्गत 'निर्माण व्यवसायी कोष'बाट विनियोजित रकम मार्फत उक्त केन्द्रको भवन र संरचनामा सुधारका लागि सम्झौता समेत भई काम अघि बढिरहेको छ।

**चुनौती र भविष्यको मार्ग**

यद्यपि रेडक्रस झापा शाखाका अनुसार पर्याप्त स्वयम्सेवी रक्तदाताको अभाव एक ठूलो समस्या बनेको छ। यसले कहिलेकाहीँ बिरामीहरूलाई रगतको अभावमा कठिनाइमा पार्ने अवस्था सिर्जना गर्छ। झापामा संकलित रगतले न केवल स्थानीय अस्पतालहरू, अपितु छिमेकी जिल्लाका बिरामीहरूलाई पनि ठूलो राहत पुऱ्याइरहेको छ। तर, यस कार्यमा अझै सबैको सक्रियता र सहयोगको आवश्यकता रहेको छ।

**रगतको महत्व र सामुहिक जिम्मेवारी**

रगतको माग र आपूर्ति व्यवस्थापन कुनै एक संस्थाको मात्र जिम्मेवारी होइन, यो हामी सबैको साझा जिम्मेवारी हो। एक जनाले दिएको रगत अर्को जनाको जीवन बचाउन सक्दछ। यस्तो अवस्थामा, रेडक्रस झापाले भने जस्तो 'सकारात्मक सोच र नियमित रक्तदान' हामी सबैको कर्तव्य हुनुपर्छ। केवल यसैले मात्र हामी सुरक्षित रगतको सुनिश्चितता गर्न सक्षम हुनेछौं।

# नेपाल एसबीआईद्वारा विद्यार्थीलाई पोशाक



**अर्जुनधारा, चैत १३।** अर्जुनधारा नगरपालिका-११ सालबारीस्थित महारानीगञ्ज माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई एक कार्यक्रमका बीच सदन स्तरीय पोशाक वितरण गरिएको छ।

नेपाल एसबीआई बैंक लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत विद्यालयमा अध्ययनरत् विद्यार्थीहरुको लागि दुई सय ४४ थान पोशाक वितरण गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नन्दलाल खतिवडा 'आकाश'ले जानकारी दिए।

समितिका अध्यक्ष खतिवडाको अध्यक्षता र बैंकको कोशी प्रदेश प्रमुख एवम् कार्यक्रमकी प्रमुख अतिथि दमयन्ती जोशीको प्रमुख आतिथ्यमा उक्त पोशाक विद्यार्थीलाई हस्तान्तरण गरिएको थियो।

त्यसैगरी कार्यक्रममा गत शैक्षिक वर्ष २०८१ मा कक्षा नर्सरीदेखि कक्षा ९ सम्मका प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीहरुलाई स्टेसनरी सामग्रीबाट पुरस्कृत गरिएको थियो। सोही कार्यक्रममा चालू शैक्षिक वर्ष २०८२ मा एसईई परीक्षामा सहभागी हुने कक्षा १० का विद्यार्थीहरुलाई सामुहिक विदाइ गरिएको थियो।

कार्यक्रममा वडाध्यक्ष खगेन्द्र इङ्नाम लगायतले मन्तव्य राखेका थिए। शिक्षक सूर्यप्रसाद सापकोटाले स्वागत गरेको कार्यक्रमको सञ्चालन प्रधानाध्यापक मनबहादुर लिम्बूले गरेका थिए।

# विकास पत्रकारिता सम्बन्धी अन्तरक्रिया



**अर्जुनधारा, चैत १३।** अर्जुनधारा नगरपालिका-८ नम्बर वडा कार्यालयद्वारा विकास पत्रकारिता सम्बन्धी एकदिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

स्थानीय फरवार्ड एजुकेशन फाउण्डेशन झापा प्रालिको सभाहलमा वडाध्यक्ष कुमारप्रसाद उप्रेतीको अध्यक्षतामा आयोजित कार्यक्रमको प्रमुख अतिथि सञ्चार विज्ञ एवम् नेपाल टेलिभिजन च्यानल प्रमुख डा. टंक उप्रेतीले उद्घाटन गरेका थिए।

झापा जिल्ला विभिन्न सञ्चारमाध्यमहरुमा क्रियाशिल १६ जना पत्रकारको सहभागिता रहेको कार्यक्रमको सहजीकरण प्रमुख अतिथि उप्रेतीले गरेका थिए। कार्यक्रममा विकास पत्रकारिता : एक शैक्षिक विचार, पत्रकार को हो ?, प्रक्रियामा आधारित कथाहरुको पहिचान, विकास पत्रकारिताका लागि स्रोत संकलन र नैतिकता, विकास संवाददाताका लागि आधुनिक उपकरणहरु लगायतका विषयमा सहजीकरण गरिएको थियो।

सञ्चारमाध्यमहरुमा क्रियाशिल पत्रकारहरुलाई विकास पत्रकारिताबारे समाचार संकलनमा आवश्यक ज्ञान र सीपबारे जानकारी गराउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको वडाध्यक्ष उप्रेतीले बताए।

वडाध्यक्ष उप्रेतीले कार्यक्रमको औचित्यसहित स्वागत गरेको कार्यक्रममा सहभागीहरुलाई प्रमाणपत्र वितरण गरिएको थियो। कार्यक्रममा सहभागीहरुको तर्फबाट गणेशमान मुखिया, राजकुमार ओली, तिलक योञ्जन, चर्तुभूज काफ्ले लगायतले जिज्ञासा राखेका थिए। कार्यक्रमको सञ्चालन पत्रकार अमित खम्बूले गरेका थिए।

# किचकबध क्षेत्रमा श्रीमद्भागवत महापुराण

**भद्रपुर, चैत १३।** भद्रपुरस्थित ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थल किचकबध क्षेत्रमा सप्ताह ज्ञान महायज्ञ आयोजना हुने भएको छ।

भद्रपुर नगरपालिका-३ मातातीर्थ तथा बिष्णुपादुका मन्दिर परिसरमा आगामी बैशाख ६ गतेदेखि १३ गतेसम्ममा श्रीमद्भागवत महापुराण धन धान्याञ्चल सप्ताह ज्ञान महायज्ञ हुन लागेको हो। अधुरो भवन तथा अक्षयकोष स्थापनार्थका लागि सप्ताह ज्ञान महायज्ञ आयोजना गर्न लागेको पत्रकार सम्मेलन मार्फत मातातीर्थ तथा बिष्णुपादुका मन्दिर पुराण मूल आयोजक समितिले जनाएको हो।



धार्मिक तथा पर्यटकीय किचकबध क्षेत्रमा स्थापित मन्दिरमा बैशाख ६ गते महायज्ञको विधिवत् उद्घाटन हुने बताइएको छ भने बैशाख ७ गतेदेखि १३ गतेसम्म नियमित रूपमा सप्ताहव्यापी ज्ञान महायज्ञ सञ्चालन हुने मन्दिर व्यवस्थापन समितिका अध्यक्ष हेमप्रसाद खनालले बताए।

महायज्ञ अवधिभर दैनिक रूपमा पूजा पाठ, कथा प्रवचन, भजन-कीर्तन तथा विभिन्न धार्मिक तथा सांस्कृतिक झाँकीहरू प्रदर्शन जस्ता कार्यक्रमहरू सञ्चालन गरिने उनको भनाइ छ। यस महायज्ञमा पण्डित पदम पौड्यालद्वारा श्रीमद्भागवतको मूलपाठ पारायण तथा पण्डित उदय खनाल शास्त्रीद्वारा भागवत कथा वाचन तथा आध्यात्मिक प्रवचन प्रस्तुत गरिने कार्यक्रम रहेको मन्दिर समितिका उपाध्यक्ष तारा सुवेदीले बताइन्।

२०६८ सालमा मन्दिर समिति गठन गरी विभिन्न दाताहरूको सहयोगमा २०७४ सालमा मातातीर्थ तथा बिष्णुपादुका मन्दिर निर्माण गरेको बताउँदै उपाध्यक्ष सुबेदीले किचकबध क्षेत्रमै रहेको यो मन्दिर विषेशत पितृ उद्धारका लागि निर्माण गरिएको बताइन्।

भद्रपुर क्षेत्रमा कुनै पनि मन्दिर यस्तो किसिमको नभएको र यो अपरिहार्य भएकाले यो मन्दिर स्थापना गरिएको उनको भनाइ छ। हालसम्म कुनै पनि सरकारी तथा गैरसरकारी संस्थाबाट कुनै किसिमको पनि सहयोग प्राप्त नभएका कारण श्रद्धालु भक्तजनहरूको साथ सहयोगबाट जेनतेन चलिरहेको सहसचिव नेत्र दाहालले बताए।

महायज्ञ मार्फत सङ्कलित रकमबाट निर्माणाधीन भवन पूर्ण गर्न र अक्षयकोष स्थापनाका लागि यो महायज्ञ लगाउन लागेको उनले बताए। महायज्ञमा देशका विभिन्न स्थानबाट श्रद्धालु भक्तजनहरूको सहभागिता रहने भएकाले स्थानीय धार्मिक तथा पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुग्ने आयोजकले विश्वास लिएको छ।

# पाँचौं इलाम साहित्य महोत्सव बैशाखमा

**इलाम, चैत १३।** पाचौं इलाम साहित्य महोत्सव आगामी बैशाखमा हुने भएको छ। साहित्यका माध्यमबाट पर्यटन प्रवर्द्धनमा सहयोग गर्ने उद्देश्यले आगामी बैशाख १८ र १९ गते महोत्सव हुने भएको हो।

महोत्सवमा साहित्य, कला, संस्कृति, राजनीति, अध्यात्म, पर्यटन, वातावरण, प्रविधि लगायतका विषयमा बहस हुने आयोजक इलाम साहित्य कला प्रतिष्ठानका अध्यक्ष प्रकाश थाम्सुहाङले जानकारी दिए। नेपालसहित भारतका सिक्किम, शिलगडी, दार्जिलिङ र बंगलादेशका साहित्यकार, लेखक तथा कलाकर्मी सहभागी हुनेछन्।

त्यसैगरी सोही कार्यक्रममा गत वर्ष भएको महोत्सवको आयव्यय विवरण सार्वजनिक गरिएको छ। सार्वजनिक गरिएको प्रतिवेदनले कार्यक्रम सञ्चालनका लागि प्राप्त आम्दानी, विभिन्न शिर्षकमा गरिएको खर्च तथा भुक्तानी हुन बाँकी रकम उल्लेख छ।

प्रतिवेदन अनुसार कार्यक्रमका लागि प्रमुख रूपमा इलाम नगरपालिका, रेड पाण्डा नेटवर्क, नेपाल प्रज्ञा प्रतिष्ठान, विभिन्न कार्यालय तथा निजी क्षेत्रबाट सहयोग प्राप्त भएको उल्लेख छ। साथै विभिन्न संघ-संस्थाबाट प्राप्त सहयोग आयमा उल्लेख छ। त्यस्तै पर्यटन कार्यालय, वडा कार्यालयहरू तथा अन्य विभिन्न निकायबाट समेत सहयोग जुटाइएको उल्लेख छ।

खर्चतर्फ हवाई भाडातर्फ डोमेस्टिक तथा इन्टरनेशनल उडानका लागि रकम खर्च भएको देखिन्छ। विशेषगरी अतिथि ल्याउन लैजान व्यवस्थापनका लागि त्यसैगरी, साउण्ड सिस्टम, यातायात व्यवस्थापन, मञ्च निर्माण, टि-सर्ट तथा प्रचार सामग्रीमा खर्च गरिएको विवरणमा उल्लेख छ।

कार्यक्रममा सहभागीहरूको बसोबास खाना, कार्यक्रम स्थलमा स्वागत गेट निर्माण, सजावट, तथा सांस्कृतिक कार्यक्रम सञ्चालनका लागि आवश्यक अन्य व्यवस्थापनमा खर्च गरिएको प्रतिवेदनमा उल्लेख छ। कार्यक्रममा माया चिनो वितरण, पाहुनाहरूको स्वागत सत्कार लगायतमा खर्च गरिएको कोषाध्यक्ष दिपेश क्षेष्ठले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख छ।


**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं।
*नोट: सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।*
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**सिलिङ सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ साथै पीभीसी सिलिङ र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड :
झापा फल्स सिलिङ हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**उच्च गुणस्तर सुलभ मूल्य**
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **खगोल ओभरसिजलाई सम्झनुहोस्। यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ।**
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**UAE मा रोजगारीको अवसर**
United International Group
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD.
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
**प्रत्येक दिन आँखाको शल्यक्रिया**
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्ब, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

**घर ढलान गर्नुछ ?**
तपाईको सेवामा सधैं
चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नु परेमा सधैंसम्झनुहोस्।
सेवामा २४सैं घण्टा उपलब्ध छौं।
सम्पर्क :
९८०२३१३२९०
९८२४०५७७०७
९८०२३१३२९३

शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

अब बिर्तामोडमा
**डा. पितामबर ठाकुर**
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या
मुटु सम्बन्धी समस्या
राति निद्रा नलाग्ने
छाती दुख्ने
फोक्सो सम्बन्धी समस्या
बाथ
थाईराईड
रक्तचाप
मधुमेह
डाक्टर आउने समय :
बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईको सेवामा !
हाम्रो स्थानहरू: बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

**उक्त सबै रोगहरूको तत्काल उपचार**
तारा होमियो फार्मेसीमा सम्पूर्ण होमियोप्याथिक औषधि उपलब्ध हुनुका साथै डाक्टरको सेवा पनि उपलब्ध छ।
पेटका रोगहरु: ग्यास्ट्रिक, पेट दुख्ने, पोल्ने, खाना नपच्ने, अरुचि, पाइल्स, फिस्टुला फिस्सर, मलद्वारमा मासु पलाउने, कब्जियत, जण्डीस
- लिभरका रोगहरु
- महिलाको महिनावारी गडबडी, सानो पेट दुख्ने, पोल्ने, सुन्निने, सेतोपानी जाने, ढाड दुख्ने, स्थनका गाठागुठी आदि।
- अनुहारको चायाँ पोतो, डण्डिफोर, मुसा, खिल, अैजेरु, दम, खोकी, बाथ, मृगौलाको पत्थरी, टाउको दुख्ने, निद्रा नलाग्ने, रुघा लागिरहने, एलर्जी, नाक बन्द हुने, नाकमा मासु पलाउने, पित्तास, जोर्नी दुख्ने, युरिक एसीड, थाइराइडको समस्या, स्त्री तथा पुरुषका विभिन्न गुप्तरोगहरु, सुगर, ब्लड प्रेसर, कपाल झर्ने, मोटोपन घटाउने आदि।
तारा होमियो फार्मेसी
बिर्तामोड, झापा
फोन नं.:- ०२३-५३१२९८, ९८५२६७२३१६

**कलर दोकानको रंगिन बहार**
यहाँ इन्डीगो र के.एन.पी. ब्रान्डका सम्पूर्ण कलरहरु विगत १४ वर्षदेखि बिक्री गरी ग्राहकहरुलाई सेवा दिइरहेका छौं। साथै दक्ष पेन्टरद्वारा आफूले चाहे जस्तै कलरमा घरलाई आकर्षक बनाउन हामीलाई सम्झनुहोस्।
कलर दोकान
बिर्तामोड नगरपालिका-४, भद्रपुररोड ने.वि.प्रा. गेट पूर्व
फोन नं. :- ९८५२७७२२२०

**SUNMAI SPRING**
'थोपा-थोपामा जीवन छ'
HACCP ISO 9001:2015 स्वदेशी
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| कर्णबहादुर लिम्बू | शिवगञ्ज-७ | ६११४ | ०-१-० | पचु/पचु चौधरी |
| गोपाल शाह/रतनलाल राजवंशी | पथरिया-६ | ४१० | १३९१.३७ | आस नारायण/आसमान राजवंशी |
| दिलमाया तामाङ | महाभारा-२ | १६८० | ०-२-० | भानु राजवंशी |
| खड्गप्रसाद गौतम | घैलाडुब्बा-५ | ९९२ | ०-२-१८.७५ | देवलाल राजवंशी |
| जयराम हस्दा | शरणामति-८ | ७४ | ०-२-१५ | पगला हेमरम सतार |
| र्तमजो मिया समेत | कुमरखोद-४ | ८५<br>८७ | १२०२५.००<br>१७२०.०० | इसास मिया/इसाख/इसाक मिया |
| मालती सिजाली मगर | पराखोपी-२ | ३३४४ | ०-०-७ | महन/मोहन/मैतबहादुर लिम्बु |
| मोहन सिंह शाह | राजगढ-७ | ३४७ | ५१५.०० | रवि यादव/रतन यावद |
| मोहन सिंह शाह<br>" " " | राजगढ-७<br>" | ३४२<br>३४४ | ११५६.००<br>६२१.५० | सर्तु दाश यादव<br>" " " |